सडक विस्तारको चर्चाले व्यवसायी चिन्तित

नीरज पिठाकोटे

वीरगन्ज- वीरगन्जका मुख्य सडक विस्तार हुने भएपछि वीरगन्जका व्यवसायी चिन्तित भएका छन् । त्रिभुवन राजपथअन्तर्गत वीरगन्जको मितेरी पुलदेखि गण्डकसम्मको मुख्य सडक विस्तारविरुद्ध परेको रिट सर्वोच्च अदालतले खारेज गरेपछि सडक विस्तारका लागि बाटो खुला भएको छ।

सर्वोच्चले कानुनी बाटो खुला गरेपछि मुख्य सडकमा व्यवसाय गर्ने व्यापारी भने चिन्तित भएका छन् । मुख्य सडकमा भएका घर सटरमा पसल गर्दै आएका व्यापारी सडक विस्तारका क्रममा तोडफोड हुँदा व्यापार व्यवसाय नै बन्द गर्नुपर्ने भएपछि चिन्तित भएका हुन् ।

सर्वोच्च अदालतको आदेशपछि सडक विस्तारका लागि सीमांकन गर्न डिभिजन सडक कार्यालय हेटौंडाले नापी कार्यालयलाई पत्राचार गरेको छ । यसअघि सडक डिभिजन कार्यालयले घरटहरा भत्काउन सूचना जारी गर्दा वीरगन्जको मुख्य सडकमा घर पर्नेले सडक विस्तार रोक्न परामदेशको मागसहित सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिट सर्वोच्च अदालतले खारेज गरिदिएको छ।

रिट खारेजसँगै मुख्य सडकको घर भाडामा लिएर व्यापार गर्ने व्यवसायीलाई भने व्यापारबाट विस्थापित हुनुपर्ने चिन्ता बढेको छ । मुख्य सडक विस्तारका क्रममा घर भत्काउनु पर्ने र ती घरमा भाडा तिरेर पसल सञ्चालन गर्ने व्यापारी कहाँ जाने भन्ने चिन्ता बढेको कस्मेटिक व्यवसायी राजु रौनियारले बताए।

वीरगन्जको मुख्य सडक विस्तारका लागि बजार बन्द हुँदा फेरि रक्सौलका व्यापारीलाई फाइदा हुने उनीहरूको भनाइ छ । कोरोना महामारीपछि खस्किएको व्यापार पूर्ण रूपमा लयमा आउन सकेको छैन । वीरगन्जको सडक विस्तारका लागि घर भत्काउन सुरु गऱ्यो भने घरधनीको घर भत्किने मात्रै होइन सटर पसल सम्झौता गरेर भाडामा लिएर व्यवसाय गर्ने व्यवसायी पनि मारमा पर्नेछन् । उनीहरूलाई अहिले नै आफ्नो पसलका सामान कता व्यवस्थापन गर्ने भन्ने चिन्ता बढेको छ। वीरगन्जको बजार व्यवस्थित नहुँदा अन्य स्थानमा स्थानान्तरण गर्नका लागि पनि समस्या छ। स्थानीय सरकारले पनि वैकल्पिक व्यवस्थाको विषयमा सोचेको छैन । यसले व्यवसाय गर्ने व्यवसायीलाई तनाव बढाएको हो।

सडक छेउमा घर पर्नेहरू त यसै घरविहीन हुने भन्दै चिन्तित भएका छन् । उनीहरूको घर भाडामा लिएर पसल सञ्चालन गर्ने व्यवसायीलाई व्यापार व्यवसाय नै चौपट हुने चिन्ताले सताएको छ। यद्यपि सडक भत्काउन समय लाग्ने भए पनि घर सटरका पसल कता व्यवस्थापन गर्ने भन्ने चुनौती भने जटिल नै छ।

२९ वर्षदेखि तरकारी खेतीमा

तनहुँ (कास)- तनहुँको भिमाद नगरपालिका-९ पाइमीका हिराबहादुर थापा विगत २९ वर्षदेखि तरकारी खेतीमा आबद्ध छन् । विसं २०५२ सालमा थानकोटबाट तरकारी खेती सुरु गरेका थापा यतिबेला भने आफ्नै गाउँ फर्किएर तरकारी खेतीलाई अगाडि बढाइरहेका छन् ।

विगतमा अन्यत्र गर्दा जग्गा भाडा लिएर तरकारी खेती गरेका थापाले यतिबेला भने आफ्नै सात रोपनी जग्गालाई तरकारीमय बनाएका छन् । गाउँको जग्गा बाँझो भएपछि गाउँ फर्किएर तरकारी खेतीलाई निरन्तरता दिएको थापाको भनाइ छ।

थापाले भने, 'अन्यत्र अर्काको जग्गा भाडामा लिएर तरकारी खेती गर्दा गुजारा चल्ने मात्रै भयो। आम्दानी गर्न सकिएन, गाउँको जग्गा पनि त्यसै बाँझो बस्यो। अहिले गाउँमै तरकारी खेती गरिरहँदा सन्तुष्ट छु।'

थापाले सुरुमा थानकोटमा जग्गा भाडामा लिएर तरकारी खेती सुरु गरेका थिए। त्यहाँ जग्गाको भाडा तिरेर गुजारा चलाउन ठिक्क भएपछि तनहुँ फर्किएर खैरेनीटारमा तरकारी खेती सुरु गरेका थापाले त्यहाँ गोलभेडा उत्पादन नभएपछि गाउँ फर्किएको सुनाए। उनले भने, 'खैरेनीटारमा गोलभेडा उत्पादन भएन । खैरेनीटारमा पनि जग्गा भाडामा नै थियो, बरु गाउँ फर्किन्छु र गाउँमै खेती गर्छु भनेर माटोको अनुसन्धान गरेँ । त्यहाँको माटो उपयुक्त भएपछि विसं २०७९ सालमा गाउँ फर्किएँ।'

थापाले खैरेनीटारमा चार वर्ष जग्गा भाडामा लिएर तरकारी खेती गरेका थिए । उनले भने, 'अर्काको जग्गा भाडामा लिएर पसिना बगाउनुभन्दा आफ्नै जग्गामा केही गर्छु भन्ने सोचेर गाउँ आएको हूँ।

तरकारीखेतीबाट वार्षिक सात लाखभन्दा बढी आम्दानी भएको थापाले सुनाए । उत्पादित तरकारी बिक्रीका लागि बजारको समस्या नरहेको थापाको भनाइ छ । पानी अभाव भएकाले ४० हजार लिटरको पोखरी बनाएर तरकारी खेतीका लागि प्रयोग गरिरहेको थापाले बताए।

दुईवटा टनेलबाट सुरु गर्नुभएका थापाको तरकारी बारीमा हाल ११ वटा टनेल छन् । यहाँ बोडी, सिमी, काक्रो, भिन्डी, फर्सी, लौका, अकबरे, गोलभेडा, करेला उत्पादन भइरहेको छ । उनले भने, 'तरकारी कहाँ बिक्री गर्ने भन्ने समस्या छैन । दुलेगौडा, खैरेनीटार, भिमादमा लगेर तरकारी बिक्री भइरहेको छ।'

१५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/१२/१२)

यस बैंकका निक्षेपकर्ता काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं.२४ बस्ने शान्ती देवी रौनियारको मिति २०८१/१०/१७ मा निधन भएको र निजको नाममा यस बैंक स्थित खातामा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं.२४ बस्ने निज मृतक खातावालाका नाती (नाता) पर्ने हर्ष रौनियारले सम्बन्धित कागजात समेत संलग्न राखी यस बैंक समक्ष निवेदन पेश गर्नु भएकोले निज खातावालाको निक्षेपउपर अरु कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय न्यूरोड वा केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला । उल्लिखित समयावधी भित्र कसैको हकदावी पर्न नआएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम मृतक खातावालाका नाती हर्ष रौनियारको माग अनुसार निक्षेप रकम भुक्तानी भई जाने र पछि कसैको हकदावी एवं उजुरी समेत नलाग्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

SiddharthaBank
Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 01-5970720 / 5970020
SWIFT: SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com

सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी

म्याग्दी (रासस)- जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ घरापका किसानले बिक्री नहुने साना दाना भएका सुन्तलाको जुस बनाएर अतिरिक्त आम्दानी गरिरहेका छन् ।

अन्नपूर्ण चक्रीय पदमार्गको मुस्ताङ-म्याग्दी यात्रा गर्ने पर्यटकलाई ताजा सुन्तलाको जुस बेचेर घरापका दम्पती प्रेम तिलिजा र मैना तिलिजाले यो याममा दुई लाख आम्दानी गरेका हुन् ।

'बगैंचाका ठूला दाना व्यापारीले किनेर लगेपछि बचेका साना दाना सुन्तला अझै बोटमा राखेका छौं,' मैनाले भनिन्, 'जुस खानका लागि दैनिक ५० जनासम्म पर्यटक यहाँ आउनुहुन्छ ।' बेमौसममा सुन्तलाको जुस सानो गिलासको २५० र ठूलो गिलासको ३५० का दरले बिक्री हुने गरेको उनको भनाइ छ ।

आफ्नै बगैंचाको एक सय बोट र छिमेकीको बोटमा बाँकी रहेका सुन्तलालाई टिपेर बोक्रा छोडाइ उपकरणको सहायताले रस निकालेर बिक्री गर्दै आएको मैनाले बताइन् । ' उपकरणले गेडा र छोक्रालाई एकातर्फ फाल्छ भने रसलाई भाडामा खसाल्छ,' उनले भनिन् ।

मुस्ताङको घाँसाबाट पदयात्रा गरेर म्याग्दीको तातोपानी आउने क्रममा बेमौसमको सुन्तलाको ताजा र स्वादिलो जुस उपभोग गर्न घरापमा विश्राम गरेको काठमाडौंका जनार्दनदेव पन्तले बताए ।

जुस बनाउन थालेपछि साना दाना भएका कारण बिक्री नभएका सुन्तला खपत भएको प्रेमले बताए । खेर जाने सुन्तलाबाट जुस बनाएर अतिरिक्त आम्दानी भएको भन्दै अन्य क्षेत्रमा सुन्तला सकिए पनि यहाँका बगैंचामा साना दानाका चैत महिनासम्म रहने उनले जानकारी दिए ।

ठूला दाना माघमा टिप्ने घरापका किसानले साना दानालाई जुस बनाउन चैतसम्म राख्ने गरेका छन् । सुन्तला भण्डारण गर्ने चिस्यान गृह र प्रशोधन गरेर जुस बनाउने उपकरण तथा सीपमूलक तालिम आवश्यक परेको यहाँका किसान बताउँछन् । घरापमा २० परिवारको बसोबास छ । अधिकांशले सुन्तलाखेती गरेका छन् ।

रोजगारीका लागि मलेसियामा दुई वर्ष बिताएर फर्किएका ४९ वर्षीय प्रेम र उनकी श्रीमती मैनाले घरापमा रेस्टुराँ र होटल पनि सञ्चालन गरेका छन् । अन्नपूर्ण आधार शिविर, मुस्ताङ जाने-आउने र नारच्याङ घुम्न आउने पर्यटकलाई लक्षित गरेर सञ्चालित होटलमा दैनिक ३० जनासम्म बास बस्न सक्ने क्षमता रहेको प्रेमले जानकारी दिए ।

तिलिजा दम्पतीले सञ्चालन गरेको न्यू कालिगण्डकी रेस्टुराँ एण्ड लजमा शान्त र एकान्त वातावरणमा रमाउन पाइनुका साथै लोकल कुखुरा, हाँस र बङ्गुरको मासु, साग, सुन्तलाको जुस, कोदोको ढिँडोलगायत परिकार पाइन्छन् । उनका अनुसार होटलमा दुई जनाले रोजगारी पनि पाएका छन् ।

सिँचाइ सुविधापछि तीन बाली खेती

इलाम (रासस)- इलाम नगरपालिका-१० भिरगाउँमा सिँचाइ योजना पुनर्निर्माण भएपछि किसानलाई खाद्यबालीसँगै तरकारीखेती गर्न सहज भएको छ । वर्षमा एक बालीमात्र उत्पादन हुँदै आएको सो क्षेत्रमा सिँचाइ आयोजना पुनर्निर्माणपछि किसानले तीन बालीसम्म खेती गर्न थालेका छन् ।

साना सिँचाइ कार्यक्रमअन्तर्गत ४१ लाख ९४ हजारको लागतमा मालबाँसे भिरगाउँ हुँदै तेम्लोगाउँ जोड्ने सिँचाइ आयोजना पुनर्निर्माणपछि किसानले राहत पाएका हुन् । स्थानीय अँधेरीखोलाबाट ८९५ मिटर लामो पक्की कुलो निर्माण भएको वडा नं १० का वडाध्यक्ष दिलीप प्रधानले जानकारी दिए । आयोजनाबाट ३९ घरपरिवारको १५ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।

आयोजना पुनर्निर्माण सम्पन्न भई पानी आउन थालेपछि भिरगाउँका किसान खुसी भएका हुन् । पानी अभावमा खेत बाँझै राखेर बस्न विवश भिरगाउँका किसानलाई सिँचाइ आयोजनाले राहत मिलेको उपभोक्ता समितिका अध्यक्ष किशोर रम्तेलले बताए । स्वीडेन सरकारको १२ लाख ५८ हजार, संघीय सरकार, प्रदेश सरकार र इलाम नगरपालिकाको आठ लाख ३८ हजारका दरले तथा स्थानीय उपभोक्ताको चार लाख १९ हजारको साझेदारीमा उक्त आयोजना पुनर्निर्माण गरिएको हो ।

आयोजना पुनर्निर्माणपछि धान, मकैजस्ता मौसमी बालीको मात्र खेती हुँदै आएको सो क्षेत्रमा अहिले मौसमी र बेमौसमी तरकारीसँगै नगदेबाली पनि उत्पादन हुन थालेको उपभोक्ता समिति सचिव मनकुमारी समालले बताइन् । 'पहिले मौसमी धान र मकैखेती मात्र गरिन्थ्यो, अहिले सिँचाइ सुविधा आएपछि बेमौसमी तरकारीको पनि व्यावसायिक खेती हुन थालेको छ,' सचिव समालले भनिन्, 'यसबाट किसानको आर्थिक अवस्था सुधार आउने विश्वास छ ।'

स्थानीय उपभोक्ता भीमकुमारी मगर आयोजना पुनर्निर्माणसँगै अकासे पानीको भर पर्नुपर्ने बाध्यताबाट मुक्त भएकको बताउँछिन् । अहिले भिरगाउँका किसान तीन बालीसम्म खेती गर्न थालेका छन् । सिँचाइ सुविधा पुगेपछि अन्नबाली, नगदेबाली तथा तरकारीबाली उत्पादन वृद्धि हुने उनले बताइन् । कृषि ज्ञान केन्द्रको तथ्यांकअनुसार यस वर्ष १० हजार ३४२ हेक्टरमा धानखेती गरिएकामा ३५ हजार ३९ मेट्रिक टन धान उत्पादन भएको छ । इलाममा रन्जित, राधा४, चुल्ठेर अन्य स्थानीय जातको धानखेती गरिन्छ ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बुधु शाहीको नाति, गोठु शाहीको छोरा, भुवानसरी शाही भन्ने बाल कुमारी मैयाको पति, कर्णाली प्रदेश, दैलेख जिल्ला, दुल्लु न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **श्री नर बहादुर शाही**ले यस शाखामा बचत खाता नं. २०८१५२४९९००००५ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/१२/०३ मा निज खातावाला श्री नर बहादुर शाहीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको/मृतकको पत्नि नाता पर्ने **श्रीमती भुवानसरी शाही** भन्ने **बाल कुमारी मैया**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्री नर बहादुर शाही**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको सुर्खेत शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
शाखा कार्यालय, सुर्खेत, फोन नं. ०८३-५२४६४९

निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मनु पुनको नाती, भक्त बहादुर पुनको छोरा, टंकि देवी पुन र कृष्णा देवी पुनको श्रीमान्, प्युठान जिल्ला, धर्मावती गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश, प्युठान जिल्ला, प्युठान नगरपालिका वडा नं. ०८ बस्ने **श्री मिन बहादुर** भन्ने मिन **बहादुर पुन**ले यस शाखामा बचत खाता नं. २०६१५२४९९००५७० सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०।०६।०५ मा निज खातावाला श्री मिन बहादुर भन्ने मिन बहादुर पुनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकका छोरा नाता पर्ने **श्री तुकमान पुन मगर**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायत अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **श्री मिन बहादुर** भन्ने मिन **बहादुर पुन**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको दाङ शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
दाङ शाखा, शहीद रोड, घोराही, दाङ, फोन ०८२-५६२८१५/५६२८१४

४२ वर्षपछि खानेपानी सुविधा

बागलुङ (रासस)- बागलुङ नगरपालिका-८ सिगाना लामीचौरमा करिब दुई सय घरपरिवारको बसोबास छ। बाक्लो बस्ती रहेको लामीचौरमा खानेपानीको एकदमै अभाव थियो । ४२ वर्ष अगाडि निर्माण भएका तीन धाराबाट यहाँका सयौं स्थानीयले पानी उपभोग गर्दै आएका थिए । एक गाग्री पानी भर्न रातभर धारामा लाइन बस्नुपर्ने अवस्था थियो। सहजै पानी भर्ने पालो आउँदैनथ्यो । विसं २०३९ मा निर्माण गरेको धारा जीर्ण बनेका थिए।

लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएका लामीचौरवासीलाई अब भने खानेपानीको समस्या छैन। यसपालि नगरपालिकाले जमिनमुनिबाट पानी निकालेको छ । लामो समयको मेहनतपछि ड्रिलिङ गरी लामीचौरमा पानी निस्किएपछि स्थानीयमा खुसियाली छाएको छ।

नगरपालिकाले प्राविधिक खटाएर यसबारे सर्वेक्षण गरेको थियो। पानी निकाल्न सकिने सम्भावना देखेपछि ड्रिलिङ मेसिन प्रयोग गरी यहाँ पानी निकाल्ने काम गरिएको हो। यही चैत १ गते मेसिनले करिब १७० मिटर जमिन खोलेर पानी निकालेको हो । यही चैत ९ गतेदेखि नियमित रूपमा पानी निकाल्न थालिएको लामीचौर खानेपानी उपभोक्ता समितिका अध्यक्ष टीकाराम थापाले जानकारी दिए।

'गाउँमा खानेपानीको निकै समस्या थियो, बल्ल माग पूरा भएको छ,' अध्यक्ष थापाले भने । नगरपालिकाको २६ लाख र स्थानीय जनसहभागिताबाट जुटेको तीन लाखको लागतमा पानी निकालिएको हो । 'सिगो गाउँमा पानीको समस्या थियो, दुई सय घरका लागि तीनवटा मात्र धारा थिए, धारामा थोरै पानी आउँथ्यो, स्थानीयले कुवा र खोलाको फोहर पानी उपभोग गर्दैआएका थिए,' उनले बिगतको समस्या बताए।

स्थानीय बिना परियारले एक गाग्री पानी भर्नका लागि आठ घण्टासम्म लाइन बस्नुपरेको सुनाइन् । खानेपानी अभावले धेरैले गाउँ छोड्न बाध्य भएको उनले बताइन् । स्थानीय ७१ वर्षीय चन्द्रमणि गौतमले २०३९ सालदेखि नै लामीचौरमा खानेपानी समस्या रहेको बताए । जनसंख्या बढ्दै गएपछि खानेपानीको अभाव भएको उनले बताए।

भुल सुधार

हिमालयन बैंक लिमिटेडको मिती २०८१।१२।११ गते (सोमवार) प्रकाशित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालयः सुरुङ्गा, झापा हुनु पर्नेमा शाखा कार्यालयः अर्जुनधारा, झापा हुन गएकोले भूल सुधार गरी जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

HBL Himalayan Bank Ltd.
हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा अनुसूची विभाग, कमलादी,
फोन नं. ०१-४१६११८०, पो.ब.नं. २४१० काठमाडौं

INVITATION FOR SEALED BIDS

1st Published Date: 2081/12/12

Muktinath Bikas Bank Ltd. invites sealed bids from eligible bidders for the Construction and Interior Decoration of the branch located at Kathmandu MPC-4, Dhumbarahi Kathmandu.

Terms & Conditions:

1. The bid document containing the detailed scope of work and terms and conditions can be obtained and submitted upon payment of a non-refundable fee of NPR 2,000 (Two Thousand Only) to the following account at any branch of the Bank:
   Account Name: Bid Application Fee | Account Number: 013-94901701021.
2. Sealed bids comprising separate Technical and Financial Proposals, must be submitted to the address mentioned below on or before 4:00 PM on the 15th day from the publication of this notice. The bids must be accompanied by a Bid Security of at least 5% of the bid price (including VAT) with a minimum validity of 60 days.
3. The bids will be opened in the presence of the Bidders' representatives who choose to attend at the address mentioned below at 2:00 PM on the 16th day from the publication of the bid notice.
4. In case of public holiday, the next working day will be considered in both the cases.
5. The Bank reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever.

For further details, please contact General Service Department, Muktinath Bikas Bank, Lazimpat, Kathmandu,

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

बाह्र वर्षपछि आफ्नै भवनमा प्रहरी चौकी

खोटाङ (रासस)- स्थापनाको १२ वर्षपछि रावाबेंसी गाउँपालिका-२ खार्पास्थित प्रहरी चौकी खार्पाले आफ्नै भवन निर्माण गरिएको छ । दुई करोड ९५ लाख ३२ हजारको लागतमा उक्त भवन निर्माण गरिएको हो।

विसं २०६९ मा स्थापना भएको खार्पा प्रहरी चौकीले अघि साविक खार्पा गाउँ विकास समिति (गाविस)कै पुरानो भवनबाट सेवा प्रदान गर्दै आएको थियो । स्थापना भएको १२ वर्षसम्म साँघुरो तथा कच्ची भवनबाट सेवा प्रवाह गर्दै आएको थियो । नवनिर्मित भवनमा साना ठूलो गरी ११ कोठा छन् । साढे दुईतले सो भवनमा कार्यालय प्रमुख कक्ष, सञ्चार कक्ष, महिला तथा पुरुष हिरासत कक्ष, महिला र पुरुष ब्यारेक, प्रमुख आवाश तथा मरोजञ्जन हल निर्माण गरिएको छ।

कोशी प्रदेश प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक राजन अधिकारीले आइतबार सो भवनको उद्घाटन गरेका हुन् । सुविधासम्पन्न भौतिक संरचनाले प्रहरीलाई सेवा प्रवाह गर्न मनोबल बढ्ने उनको भनाइ थियो।

हार्दिक समवेदना

आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥

जन्मः वि.सं. २०४४/०१/१२
स्वर्गारोहणः वि.सं. २०८१/१२/०१

(स्व. अनोज ढकाल)

नेपाल एसबिआई बैंक लिमिटेडको
कमर्शियल शाखामा कार्यरत हाम्रा सहकर्मी
श्री अनोज ढकालज्यूको
मिति २०८१/१२/०१ गतेका दिन असामयिक स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै, यस दुखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल एसबिआई बैंक कर्मचारी संघ तथा सम्पूर्ण कर्मचारी परिवार